# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


पत्र संख्या :
चलानी नं. :
Ref. No.

## प्रेश विज्ञप्ति

शेयर बजारमा हालसालै देखापरेको ह्रासोन्मुख प्रवृत्ति प्रति यस स्टक एक्सचेञ्जको ध्यानाकर्षण भएको छ । मुलुकको आर्थिक स्थिति एवं सूचीकृत कम्पनीहरुको वित्तीय तथा अन्य प्राविधिक स्थितिमा खास कुनै परिवर्तन नआईकन शेयर मूल्यमा आएको गिरावटलाई स्वभाविक मान्न नसकिने स्थिति रहेको छ ।

हालसालै नेप्से सूचकाङ्कमा आएको ह्रासलाई दृष्टिगत गर्दा लगानीकर्ताहरुले आफ्नो लगानीको पोर्टफोलियोमा रहेको शेयरको मूल्य (Value Of Wealth) समेत गणना गर्नुपर्ने हुन्छ । प्रतिशेयर मूल्य अध्ययन गर्दा हाल खास गरी बैंकिङ्ग, वित्त तथा विकास बैंक समूहका कम्पनीहरुको शेयर मूल्यमा आएको गिरावट नै मुख्य रहेको छ । यो गिरावट खासगरी हकप्रद एवं बोनस शेयर निष्कासन गरेपछि आएको परिवर्तन हो भने अर्कोतिर सूचिकृत कम्पनीहरुको वार्षिक साधारण सभा भएको तथा हुने क्रममा रहेकोले शेयर मूल्यमा प्रभाव परेको देखिन्छ ।

यस सन्दर्भमा वित्तीय स्थिति राम्रो भएका कतिपय कम्पनीहरुको शेयर मूल्यमा समेत निरन्तर ह्रास आएको देखिएकोले खरीद विक्री खासगरी हालको स्थितिमा विक्री गर्ने निर्णय गर्दा हल्लाको भरमा नलागी विवेकसम्मत रुपमा निर्णय गर्न अनुरोध गरिन्छ । लगानी सम्बन्धी निर्णय गर्दा कम्पनीको वर्तमान स्थिति, मौजूदा परिवेशमा कम्पनीको मूनाफा कमाउने क्षमता, लगानीकर्ताको सम्पत्तिको मूल्य ( Value of Wealth) मा आउनसक्ने परिवर्तनलाई समेत विश्लेषण गरी वर्तमान अपरिवर्तित आधारभूत (Unchanged Fundamentals) स्थितिमा हतोत्साहित नहुन लगानीकर्ताहरु सहित सम्वद्ध सबैमा स्टक एक्सचेञ्ज अनुरोध गर्दछ ।

मिति : २०६६/७/१५


पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।

**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**

**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**

**E-mail : stock@enet.com.np**

साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.